# बाल-शब्दकोश

## उषा दीक्षित र दिवाकर ढुङ्गेल

### *१. नेपाली बाल-शब्दकोश (सम्पा.)*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५७, पृष्ठ-१९३+११=२१४, मूल्य-रु.६१।-; कला-टेकवीर मुखिया ।

शब्दहरूको अर्थबाहेक केही शब्दहरूको सङ्क्षिप्त रूप, चलनचल्तीका उखानटुक्काहरू, विकासक्षेत्र, अञ्चल, जिल्ला र सदरमुकामहरू, नापतौल, विभिन्न देश, राजधानी र मुद्राबारे जानकारी दिने सामग्रीका अतिरिक्त केही फूल, फल, तरकारी, चरा, लुगा, जनावर, भाँडावर्तन, बाजा, हतियार र औजारका चित्रसमेत दिइएको । बालबालिकाका लागि भनेर तयार गरिएको सम्भवतः यो पहिलो शब्दकोश हो । यो शब्दकोश बालबालिकाको भाषिक क्षमतालाई दृष्टिगत गरेर लेखिएको छ। नेपाली भाषाको शुद्ध र स्तरीय प्रयोगतर्फ बालबालिकालाई उत्प्रेरित गर्न पुस्तकले मद्दत पुऱ्याउने देखिन्छ ।

“यस बाल-शब्दकोशको सम्पादनका क्रममा प्रविष्टि चयनका लागि लिखित सामग्रीलाई मूल आधार मानिएको छ ।...यसका अतिरिक्त प्राथमिक तहका

बालबालिकाहरूले लेखेका अभ्यास-पुस्तिकाहरू परीक्षण गरी त्यसबाट समेत शब्दचयन गरिएको छ ।...यस शब्दकोशमा एउटा शब्दको एउटै मात्र अर्थ समावेश गर्ने भन्ने सोचाइ रहे तापनिआवश्यकता महसुस गरिएअनुसार कतिपय शब्दका एकभन्दा बढी अर्थ पनि दिइएका छन् ।" (सम्पादकीय, *हाम्रो भनाइ*)